मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज ९ गते बिहीबार ❑ 25 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## कास्कीमा सार्वजनिक सेवा प्रवाहलाई क्रमशः सहज हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

जिल्ला प्रशासन कार्यालय, कास्कीले 'जेनजी' प्रदर्शनका क्रममा कार्यालयमा तोडफोड र आगजनी भएपछि रोकिएको सेवा प्रवाहलाई क्रमशः सञ्चालनमा ल्याएको छ । बुधबारदेखि नयाँ नागरिकता, राहदानी वितरण र भारतीय पेन्सन सिफारिससम्बन्धी सेवा पुनः थालनी भएको कार्यालयले जनाएको छ ।

यसअघि गत शुक्रबारदेखि लेखनाथमा रहेको इलाका प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्रको विवरण दर्तासँगै यसअघि दर्ता भई प्रिन्ट भएर आएका परिचपयपत्रको वितरण पनि सुरु गरिएको थियो । 'जेनजी' प्रदर्शन सकिएको केही दिनमै शान्ति सुरक्षा, मुद्दाको म्याद थप र दैनिक प्रशासनिक कार्य सुचारू गरिएकामा रोकिएका अन्य सेवा पनि सञ्चालनमा ल्याउने तयारी भइरहेको कार्यालयले जनाएको छ । गत भदौ २४ को प्रदर्शनयता राहदानी विभागबाट प्रिन्ट भई आएका राहदानी वितरण गर्न सुरु गरिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनुभयो । कार्यालय तोडफोड र आगजनीका क्रममा प्रदर्शनकारीले साथमा लगेका केही राहदानी फिर्ता आएकाले सम्बन्धित सेवाग्राहीलाई राहदानी लिन आउन सूचित गरिएको उहाँको भनाइ छ । प्रतिलिपी नागरिकता, गैरआवासीय नागरिकता, राहदानी आवेदन, नाबालक परिचयपत्रलगायतका सेवा यथाशीघ्र सञ्चालनमा ल्याइने प्रजिअ शर्माले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा सञ्चालित अभियानका क्रममा विवरण दर्ता गरी प्रिन्ट भएका परिचयपत्र वितरणका लागि भने पछि सूचित गरिने उहाँको भनाइ छ । आन्दोलनका क्रममा उक्त राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवाका लागि आवश्यक पर्ने विद्युतीय उपकरण आगजनीमा परी नष्ट भएकाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट नयाँ उपकरण माग गरी सेवा सुचारु गरिएको हो । आगजनी गरिएको कार्यालयलाई सरसफाइ र मर्मतसम्भार गरेर सेवा सञ्चालनमा ल्याइएको हो । हाल दुईवटा कार्यकक्षबाट सेवा प्रवाह भइरहेको र अन्य कार्यकक्ष मर्मतको काम भइरहेको कार्यालयले जनाएको छ ।

'जेनजी' प्रदर्शनका क्रममा गत भदौ २४ गते भएको तोडफोड, आगजनी एवं लुटपाटबाट कार्यालयमा ठूलो क्षति पुगेको छ । कार्यालयको भौतिक संरचना कुरूप बनेको छ । कम्प्युटरलगायत महत्वपूर्ण उपकरण जलेका तथा लुटपाट भएका छन् । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, नाबालक परिचयपत्र, संस्था दर्ता, स्थानीय प्रशासन तथा शान्ति सुरक्षालगायतका सेवासम्बन्धी सम्पूर्ण अभिलेखहरू जलेर नष्ट भएको कार्यालयले जनाएको छ । प्रर्दशनकारीले जिल्ला प्रशासन कार्यालयसहित प्रदेश राजधानी पोखरामा रहेका तीनै तहका सरकार मातहतका अधिकांश कार्यालयमा तोडफोड र आगजनी गरेका थिए । आगजनीमा परेका पोखराका अन्य सरकारी कार्यालय र निकायले पनि सार्वजनिक सेवा प्रवाहलाई क्रमशः सहज बनाउँदै लगेका छन् ।

## आगजनी र तोडफोडका घटनाको अनुसन्धानमा सघाउन प्रहरीको अनुरोध

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

जिल्ला प्रहरी कार्यालय, कास्कीले गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनमा क्रममा भएका आगजनी, तोडफोड र लुटपाटका घटनाको अनुसन्धानमा सहयोग गर्न सर्वसाधारणमा अनुरोध गरेको छ ।

उक्त विध्वंसात्मक गतिविधिसँग सम्बन्धित सिसि टिभीका फुटेज, भिडियो, फोटो, भ्वाइस रेकर्डलगायत प्रमाणजन्य सामग्री उपलब्ध गराई घटनाको अनुसन्धानमा सघाउन प्रहरीले अनुरोध गरेको हो । साथै सुरक्षा निकायका हातहतियारसहित अन्य लुटपाट गरिएका सामग्री लुकाइछिपाइ राखिएको जानकारी भएमा प्रहरीलाई खबर गर्न भनिएको छ । जिल्ला प्रहरी कार्यायलले सार्वजनिक सूचनामार्फत विध्वंसात्मक गतिविधिसँग सम्बन्धित सूचना र प्रमाणजन्य सामग्री उपलब्ध गराउने व्यक्ति वा संस्थाको पूर्ण गोपनियता कायम गरिने जनाएको छ । प्रदर्शनकारीले कास्कीका सुरक्षा निकाय, सरकारी कार्यालय, व्यावसायिक प्रतिष्ठानलगायत व्यक्तिगत घरमा आगजानी, तोडफोड र लुटपाट गरेका थिए । पोखरामा रहेका तीनै तहका सरकारका अधिकांश कार्यालय भवन आगजनी र तोडफोडका कारण क्षतिग्रस्त भएका छन् ।

## मनास्लु आरोहण गर्ने अहिलेसम्मकै कान्छी आरोही छिरिङ

**पोखरापत्र संवाददाता**
गोरखा, ८ असोज



उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-१ सामागाउँकी २२ वर्षीया छिरिङ डिकी लामा मनास्लु आरोहण गर्ने नेपालकै कान्छी आरोही बन्नुभएको छ ।

लामाकी आफन्त एवं आरोही नाङ्सल छोदेनका अनुसार यसअघि १९ वर्षीया विदेशी युवतीले मनास्लु आरोहण गरिसक्नुभएको छ ।

नेपाल मनास्लु आरोहण गर्नेमा भने छिरिङ डिकी हालसम्मकै कान्छी रहेको नाङ्सलले जानकारी दिनुभयो । सोमबार बिहान ६ बजे बेसक्याम्पबाट प्रस्थान गरेकी छिरिङले मङ्गलबार बिहान १० :५० बजे मनास्लुको शिखर चुम्नुभएकी उहाँको भनाइ छ ।

छिरिङले पायोनियर एड्भेञ्चर कम्पनी प्रालिमार्फत आठ हजार १६३ मिटर अग्लो मनास्लु आरोहण गर्नुभएको हो । उहाँ गाउँघरमै घरायसी काम गरेर बस्ने किशोरी हुनुहुन्छ । उहाँसँगै मनास्लु आरोहण गर्ने सामागाउँका चार जना भएका छन् । यसअघि सामागाउँका डिकील्हामु, मिङ्मार छिरिङ र नाङ्सल छोदेनले मनास्लु आरोहण गरिसकेका छन् ।

## माओवादीले केन्द्रीय समिति भङ्ग गरी विशेष महाधिवेशन गर्ने

**रासस**
काठमाडौं, ८ असोज

नेपाल कम्युनिष्ट पार्टी (माओवादीकेन्द्र)ले हालको केन्द्रीय समिति विघटन गरी विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव आसन्न केन्द्रीय समिति बैठकमा प्रस्तुत गर्ने भएको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा आज बसेको स्थायी समिति बैठकले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने, सोको संयोजन स्वयं अध्यक्षले गर्ने र प्रस्ताव लैजाने निर्णय गरेको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

"पार्टीभित्र एकता कायम गर्न र वर्तमान परिस्थितिको मागअनुरूप केन्द्रीय समिति भङ्ग गरी अध्यक्षकै संयोजनमा विशेष महाधिवेशन आयोजक समिति गठन गर्ने प्रस्ताव केन्द्रीय समितिमा प्रस्तुत गर्ने निर्णय भएको छ । साथै विशेष महाधिवेशनको मिति तोक्ने प्रस्ताव पनि गरिएको छ," प्रवक्ता सापकोटाले बताउनुभयो । यससम्बन्धी प्रस्तावमाथि छलफल गर्न माओवादी केन्द्रले यही असोज ९ गते केन्द्रीय समितिको बैठक बोलाएको छ । बैठकले पदाधिकारी बैठकको प्रस्तावमाथि छलफल गरी निर्णय लिनेछ । हालैको जेनजी आन्दोलनपछि राजनीतिक दलमा पुस्तान्तरणको दबाव बढिरहेको सन्दर्भमा यो कदम अघि सारिएको हो । बैठकले घोषित मितिमै निर्वाचन सम्पन्न गराउन सरकारलाई ध्यानाकर्षण गराउने निर्णयसमेत गरेको छ । सरकारले प्रतिनिधिसभा निर्वाचन आगामी फागुन २१ गते गर्ने घोषणा गरिसकेको छ । यस्तै, माओवादी केन्द्रले जेनजीसहित लोकतान्त्रिक र अग्रगामी शक्तिहरूसँग वार्ता र समझदारी कायम गर्ने, समाजवादी मोर्चा तथा समान विचारधारासँग एकता गर्ने र वृहत मोर्चा निर्माण गर्न पहल गर्ने निर्णय गरेको छ ।

"परिस्थिति तीव्र गतिमा बदलिँदै गइरहेको छ । यस्तो अवस्थामा परिवर्तनकारी शक्तिहरू एकजुट भएर अघि बढ्नुपर्छ भन्ने बैठकको निष्कर्ष छ । जेनजी पुस्ताले उठाएका मागहरू जायज भए पनि त्यसलाई विशेष परिस्थितिको प्रभाव मान्दै अग्रगमन पक्षधर शक्तिको एकताबद्ध प्रयास अपरिहार्य देखिन्छ," प्रवक्ता सापकोटाले भन्नुभयो ।

## चीन जोड्ने सडक सञ्जाल सुधारमा सहयोगको अपिल

**रासस**
काठमाडौं, ८ असोज

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री कुलमान घिसिङ र नेपालका लागि चीनका राजदूत चेन सोङबीच बुधबार शिष्टाचार भेटवार्ता भएको छ ।

सिंहदरबारस्थित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको भेटमा नवनियुक्त मन्त्री घिसिङलाई चिनियाँ राजदूत सोङले बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो । भेटमा नेपाल-चीनबीचको सडक तथा विद्युत् प्रसारण लाइन कनेक्टिभिटी, चिनियाँ निर्माण व्यवसायीबाट ठेक्का लिएका सडक तथा विद्युत् आयोजनाको निर्माण प्रगति, ऊर्जा क्षेत्रमा सहकार्य, चिनियाँ सहायतामा सञ्चालित आयोजनाहरूको कार्यान्वयन अवस्था, चिनियाँ लगानीलगायतका विषयमा छलफल भएको थियो । भेटमा मन्त्री घिसिङले नेपाल र चीनलाई सडक सञ्चालबाट जोड्ने काठमाडौं-कोदारी (अरनिको) र स्याप्रुबेंसी-रसुवागढी सडक महत्वपूर्ण र संवेदनशील रहेको तर पहिरो र कमजोर भौगोलिक अवस्थितका कारण जोखिमयुक्त रहेकाले चिनियाँ प्रविधि प्रयोग गरी सडक मर्मत गरी स्थायी रुपमा सञ्चालनका लागि आवश्यक सहयोग गरिदिन आग्रह गर्नुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । यसैगरी काठमाडौं उपत्यका चक्रपथ विस्तारअन्तर्गत चिनियाँ अनुदानमा निर्माण हुने कलङ्की-बसुन्धरा खण्डको काम तत्काल सुरु गर्न, अरुण नदी करिडोरमा धेरै जलविद्युत् आयोजनाहरू निर्माणाधीन रहेको र नेपालको विद्युत् बजारलाई थप प्रतिस्पर्धी बनाउन किमाथाङ्काबाट अर्को अन्तरदेशीय प्रसारण लाइन निर्माण अगाडि बढाउन उहाँले आग्रह गर्नुभयो । मन्त्री घिसिङले चिनियाँ कम्पनीले ठेक्का लिएका कमला-कञ्चनपुर आयोजनाको निर्माण सन्तोषजनक नरहेको जानकारी गराउँदै नारायणघाट-बुटवल तथा मुग्लिन-पोखरा सडक बिस्तारको कामलाई गतिदिन आवश्यक सहयोग र सहजीकरणका लागि पहल गरिदिन आग्रह गर्नुभएको थियो ।

सो अवसरमा राजदूत सोङले छिमेकी मित्रराष्ट्र नेपालको प्राथमिकताका आधारमा यसअघि जस्तै सक्दो सहयोग गर्न चीन तयार रहेको बताउनुभयो ।उक्त भेटमा भौतिक मन्त्रालयका सचिव केशवकुमार शर्मा, विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा प्रमुख सुशीलबाबु ढकाल र सडक विभागका महानिर्देशक बिजय जैशी एवं परराष्ट्र मन्त्रालय उत्तरपूर्व एसिया महाशाखाका उपसचिव मनहरी दङ्गाललगायतका अधिकारीको उपस्थिति थियो ।


## डा भट्टराईद्वारा नेसपा (नयाँ शक्ति) को अध्यक्ष पद त्याग

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराईले पार्टीको अध्यक्ष पद त्याग गर्नुभएको छ ।

बुधबार बसेको नेसपा (नयाँ शक्ति)को केन्द्रीय समितिको विशेष विस्तारित बैठकमा अध्यक्ष डा भट्टराईले पदत्याग गर्ने प्रस्ताव पेस गर्नुभएको र केन्द्रीय समितीद्वारा स्वीकृत गरेको सो पार्टीका प्रवक्ता कृष्ण शर्माले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "अध्यक्ष भट्टराईको पदत्याग गर्ने प्रस्ताव केन्द्रीय समितीद्वारा स्वीकृत भएको छ। पार्टीका उपाध्यक्ष दुर्गा सोवको अध्यक्षतामा महाधिवेशन आयोजक समिति बनाउने निर्णय गरिको छ।"महाधिवेशनसम्मको निम्ति उपाध्यक्ष दुर्गा सोबलाई संयोजक र महासचिव सोनामसिंह स्याङ्तानलाई सदस्य सचिव तथा पार्टी प्रवक्तामा कृष्ण शर्मालाई तोकिएको सो पार्टीका केन्द्रीय सदस्य टङ्क धमलाले बताउनुभयो। उहाँका अनुसार नेसपा (नयाँ शक्ति) ले आउँदो फागुन महिनासम्ममा आफ्नो पार्टीको विशेष महाधिवेशन गर्ने तयारी गरेको छ।



# राधा-लक्ष्मी पुरस्कार राधाकृष्ण मन्दिर शान्ति आश्रमलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

हेमजा साहित्य प्रतिष्ठान नेपालद्वारा सञ्चालित राधा-लक्ष्मी पुरस्कार यस वर्ष पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालस्थित राधाकृष्ण मन्दिर शान्ति आश्रमलाई प्रदान गरिएको छ।



समाजिक एवम् धार्मिक व्यत्तित्व स्व.लक्ष्मी शरण उपाध्याय र उहाँकी श्रीमती स्व.राधा पौडेलको स्मृतिमा उहाँका परिवारजनद्वारा स्थापित अक्षयकोषको ब्याज रकमबाट प्रत्येक वर्ष विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तित्व, समाजिक संघ संस्था आदिलाई पुरस्कृत गर्ने गरिएकोमा यस वर्ष राधाकृष्ण मन्दिर शान्ति आश्रमलाई प्रदान गरिएको हो । स्व.लक्ष्मी शरण उपाध्यायको जन्मजयन्तीका अवसर पारी एक कार्यक्रमका बीच आज हेमजा साहित्य प्रतिष्ठानका अध्यक्ष सुनिल गायक र अक्षयकोषदाता परिवारका सदस्यका तर्फबाट राधाकृष्ण मन्दिर शान्ति आश्रमका प्रमुख संरक्षक(महन्त) मुकुन्दशरण उपाध्यायलाई नगद २० हजार पाँच रुपैयाँ सहित सम्मानपत्र प्रदान गरिएको हो । पुरस्कारका लागि व्यक्तित्व/संस्था छनौटका लागि प्रतिष्ठानका पूर्व अध्यक्ष कृष्णप्रसाद पौडेलको संयोकत्वमा केशव शरण पौडेल र छन्दमणि त्रिपाठी सदस्य रहनुभएको छनौट समिति गठन गरिएकोमा सो समितिको सिफारिसलाई प्रतिष्ठानले अनुमोदन गरेको थियो । पुरस्कारका लागि अक्षयकोषको रकम दुई लाख पच्चीस हजार रुपैयाँ रहेको छ। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले प्रतिष्ठानद्वारा राधाकृष्ण मन्दिर शान्ति आश्रमलाई गरिएको सम्मानको प्रशंसा गर्नुभयो । सामाजिक एवम् धार्मिक जागरणमा उल्लेख्य योगदान गरिरहेको संस्थालाई गरिएको सम्मान सबैको सम्मान भएको उहाँले धारणा राख्नुभयो।

राधाकृष्ण मन्दिर शान्ति आश्रमका प्रमुख संरक्षक मुकुन्द शरण उपाध्यायले स्व. लक्ष्मी शरण उपाध्यायले सामाजिक एवम् धार्मिक क्षेत्रमा पुऱ्याउनुभएको योगदानको स्मरण गर्दै उहाँको स्मृतिमा पुस्रकार स्थापनार्थ अक्षयकोष राखिएकोमा प्रशंसा व्यक्त गर्नुभयो ।

प्रतिष्ठानका अध्यक्ष सुनिल गायकको सभापतित्व एवम् उपाध्यक्ष छन्दमणि त्रिपाठीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत तथा धन्यवाद ज्ञापन अक्षयकोषदाता परिवारका केशव शरण पौडेल र माधव शरण पौडेलले गर्नुभएको थियो ।

कार्यक्रमका पुरस्कृत प्रतिभा/संस्था छनौट समितिका संयोजक कृष्णप्रसाद पौडेल, छन्द नायक माधव वियोगी, राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयका का.वा. अध्यक्ष माधव शरण उपाध्याय लगायतले बोल्नुभएको थियो । कार्यक्रममा भगवती पन्त, हरिप्रसाद खनाल, धर्मराज पौडेल लगायतले रचना वाचन गर्नुभएको थियो ।

# पाँच स्थानमा युनाइटेड क्लब पोखराद्धारा कम्प्युटर र प्रिन्टर वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

जेन्जी आन्दोलनमा आगलागीबाट क्षती भएका कास्कीका विभिन्न पाँच स्थानमा युनाइटेड क्लबले कम्प्युटर तथा प्रिन्टर प्रदान गरेको छ।




जनता संग प्रत्यक्ष सरोकार राख्ने जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला सरकारी वकिलको कार्यालय कास्की र पोखरा महानगरका वडा नं १०, १२ र १५ नम्बर वडा कार्यालयलाई युनाइटेड क्लबले विपद ब्यवस्थापन कोष अन्तर्गत कम्प्युटर र प्रिन्टर प्रदान गरेको हो।

पोखरा महोत्सवको आयोजना गरि शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनमा काम गर्दै आइरहेको युनाइटेड क्लबले तिहारको अवसरमा आयोजना गरिने देउसी भैलो कार्यक्रमबाट संकलित रकमबाट स्थापित विपद ब्यवस्थापन कोष अन्तर्गत उक्त सहयोग प्रदान गरिएको हो।

जेन्जी आन्दोलनले निम्त्याएको संकटको बेला युनाइटेड क्लबले कार्यालयलाई आवश्यक पर्ने कम्प्युटर र प्रिन्टर हस्तान्तरण गरेकोमा कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले युनाइटेड क्लबलाई धन्यवाद ब्यक्त गरिन। संकटको बेलालाई सबैले मिलेर सामाना गर्दै अगाडी बढ्नुपर्नेमा शर्माले जोड दिइन।

त्यस्तै पोखरा महानगरपालिका वडा नं १५ का अध्यक्ष तोरण बहादुर बानियाँले सामाजिक काममा छुट्टै पहिचान बनाएको युनाइटेड क्लबले संकटको बेलामा वडालाई आवश्यक पर्ने सामाग्री प्रदान गरेकोमा धन्यवाद ब्यक्त गरे।

वडा नं १५ का सम्पूर्ण सामाग्रीहरु जेन्जी आन्दोलनको क्रममा आगलागीबाट नष्ट भएर जनताको काममा प्रत्यक्ष असर परिरहेको सन्दर्भमा युनाइटेड क्लबले कम्प्युटर र प्रिन्टर प्रदान गरी वडाको दैनिकी कामकाजमा सहयोग पुग्ने उनको भनाइ रहेको थियो। युनाइटेड क्लबले जेन्जी आन्दोलनको क्रममा सानो भएतापनि सहयोग गर्ने उद्देश्यले जनता संग प्रत्यक्ष सरोकार राख्ने सरकारी कार्यालय र वडा कार्यालयहरुलाई आवश्यक पर्ने कम्प्युटर र प्रिन्टर प्रदान गरेको युनाइटेड क्लबका अध्यक्ष लोक बहादुर थापाले बताए। थापाका अनुसार पोखरा महानगरका वडा नं १०, १२ र १५ संगै जिल्ला प्रशासन कार्यालय कास्की र जिल्ला सरकारी वकिलको कार्यालय कास्कीलाई कम्प्युटर र प्रिन्टर प्रदान गरिएको हो।

युनाइटेड क्लबले विपद ब्यवस्थापन कोष अन्तर्गत पूर्वको उदयपुर देखि पश्चिमको कैलाली सम्म विभिन्न विपदमा परेकाहरुलाई सहयोग प्रदान गर्दै आइरहेको छ।

गत भदौ २४ गते जेन्जी आन्दोलनको क्रममा आगलागीबाट पोखरा महानगर भित्रका सरकारी तथा निजी सम्पदाहरु आगलागीबाट पूर्ण रुपमा क्षती पुगेको र आफुहरुले कास्कीका विभिन्न पाँचवटा कार्यालयमा सहयोग प्रदान गरेको क्लबका द्धितिय उपाध्यक्ष तथा विपद ब्यवस्थापन समितिका संयोजक सूर्य बहादुर बानियाँले जानकारी दिए।

# मुग्लिन-नारायणगढको विकल्पमा यो सडक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

मुग्लिन-नारायणगढ सडकखण्डअन्तर्गत तुइनखोलामा पहिरो खस्दा केही दिनयता दैनिकजसो सर्वसाधारणले सास्ती भोगिरहेका छन्।

पहिरो हटाउँदै राजमार्गमा यातायात सञ्चालन गरिए पनि पहिरो खस्ने र सडक अवरुद्ध हुने क्रम रोकिएको छैन। निरन्तर ढुङ्गा खसिरहेकाले सडकमा नियमित यातायात सञ्चालन गराउन समस्या भइरहेको छ । दसैंको समयमा पहिरोले बाटो बन्द हुँदा सर्वसाधारण मारेमा परेका छन् । मुग्लिन-नारायणगढ सडकको विकल्पमा तनहुँको खैरेनीटार हुँदै डेढगाउँ निस्कने मार्ग प्रयोग गर्न सकिन्छ। यो सडकलाई गण्डकी प्रदेश सरकारले गौरवको योजनाको रुपमा राखेको छ। मुस्ताङदेखि तराइ जोड्ने गरी यो सडक प्रदेश सरकारले निर्माण गरिरहेको छ । साना सवारीसाधनका लागि यो सडक उपयुक्त छ । त्यसका लागि दमौली-खैरेनीटारबाट बायाँतर्फबाट भीमाद-मानपुर हुँदै डेढगाउँ-वुलिङटार-ढोडेनी-गैँडाकोट पुग्न सकिने यो बाटो प्रयोग गरिसक्नुभएका प्रकाशचन्द्र भट्टराईले जानकारी दिनुभयो। मुग्लिनदेखि खैरनीटारसम्म ७० किमि दूरी छ। खैरेनीटार-भीमाद कालोपत्र सडक सात किलोमिटर र भीमाद-मानपुर कच्चीसडक ३५ किलोमिटर छ । मानपुर-डेढगाउँ कालोपत्रे (४० किमि), डेढगाउँदेखि नारायणगढ ७० किमी रहेको छ। मोटरसाइकल चालकले दमौलीबाट केशवटार सुखौरा हुस्लाङ धरमपानी हुँदै घुमाउने झोलुङ्गे पुल तरेर मुग्लिन-नारायण सडकखण्ड निस्किएर यात्रा गर्न सक्ने धरमपानीका स्थानीय विजय रानाको भनाइ छ। मुग्लिनको बाटो अवरुद्ध भएपछि केही मोटरसाइकल चालकले यही बाटो प्रयोग गरिरहेको उहाँले बताउनुभयो।

# महासंघको कर तथा राजस्व समितिको सदस्यमा पोखरेल मनोनित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासङ्घको कर तथा राजस्व समितिको आमन्त्रित सदस्यमा जगत पोखरेल मनोनित हुनुभएको छ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल प्रति आमन्त्रित सदस्य पोखरेलले धन्यावद दिदै महासंघको हकहितमा आफु दिलो ज्यान दियर लाग्ने बताउनु भयो। आफुले पाएको जिम्मेवार कुशलतापूर्वक निर्वाह गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नु भयो।

समितिका संयोजक तथा युवा उद्यमी अम्बिका प्रसाद पौडेलप्रति पोखरेलले विशेष



धन्यवाद ज्ञापन समेत गर्नुभएको छ। महासंघलाई सशक्त रुपमा अगाडी बढाउने कार्यमा यहाँको सम्मिलित समितिले महत्वपूर्ण योगदान पुर्याउने कुरामा महासंघ विश्वस्त रहेको महासंघले जनाएको छ।

पोखरेल ट्रष्ट माइक्रो इन्स्योरेन्स कम्पनी सञ्चालक समितिको अध्यक्ष लगायतका विभिन्न संस्थाको जिम्मेवार पदमा हुनुहुन्छ।



कोरलानाका हुँदै भित्रिएका विद्युतीय सवारी साधन : चीनबाट आयात गरि मुस्ताङको कोरलानाका हुँदै भित्रिएका विद्युतीय सवारी साधनको घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित सुरक्षा चेक पोस्टमा दर्ता गरिँदै । तस्बिर : सुन्दरकुमार थकाली/रासस

# तुइन खोला क्षेत्रको पहिरो: पोखरा-काठमाडौँ यातायात समेत प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

मुग्लिन-नारायणगढ खण्डको तुइन खोला क्षेत्रमा गएको पहिरोको प्रभाव पोखरा-काठमाडौँ सडकखण्डमा पनि पर्ने गरेको छ।

उक्त पहिरोका कारण मुग्लिनखण्डमा सवारीसाधनको अत्याधिक चाप बढ्न थालेसँगै त्यसको प्रभाव पोखरा-काठमाडौँआवतजावत चल्ने सवारीसाधनमा परेको पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी लिमिटेडका अध्यक्ष ऐनकुमार साईले जानकारी दिनुभयो। उक्त पहिरोका कारण सडकमा सवारीसाधनको जाम हुन थालेपछि यात्रुहरूलाई समयमा नै गन्तव्यमा पुऱ्याउन नसकिएको उहाँले बताउनुभयो ।लगातार पहिरो जान थालेपछि मुग्लिन-नारायणगढ सडकखण्ड बन्द गरी पहिरो पन्छाउने काम भइरहेको छ।

"मुग्लिन-नारायणगढ खण्डमा सडक यातायात प्रभावित भएसँगै नेपालका पश्चिमी क्षेत्रमा जाने सवारीसाधन पोखरा हुँदै जान थालेका कारण पनि सवारीसाधनको चाप अत्याधिक छ", उहाँले भन्नुभयो। पोखरा-काठमाडौँखण्डमापृथ्वीराजमार्ग बस सञ्चालक कम्पनीअन्तर्गत नियमित ४०० को सङ्ख्याका यात्रुवाहक सवारीसाधनले सेवा दिइरहेको उहाँले जानकारी दिनुभयो ।दसैँको टीकाको दिन नजिकिँदै गर्दा ठूलो सङ्ख्यामा सर्वसाधारण आवतजावत गर्ने भएपनि सडक अवरुद्ध हुँदा आवतजावतमा कठिनाइ भएको उहाँले बताउनुभयो।

# पोखरामा प्रहरीको 'नमुना पेट्रोल पम्प' सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

नेपाल प्रहरीले पोखरामा पेट्रोल पम्प सञ्चालनमा ल्याएको छ।

नेपाल प्रहरी प्रधान कार्यालय कल्याण कोषले पोखरा-७ सहिदचोकस्थित प्रहरी प्रदेश कार्यालयको परिसरमा पम्प बनाएको हो। सो पम्पबाट बुधबारदेखि पेट्रोल र डिजेल बिक्रीवितरण सुरु गरिएको गरिएको प्रहरी प्रदेश कार्यालयका पोखराका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिनुभयो।




"प्रहरी कल्याण कोषबाट स्थापित पम्पबाट नियमित रूपमा इन्धन बिक्री वितरण सुरु गरेका छौँ । नेपाल आयल निगमले तोकेको सम्पूर्ण मापदण्ड पूरा गरेका छौँ, यहाँबाट २४सै घण्टा नै सेवा दिनेछौँ", उहाँले भन्नुभयो । नेपाल प्रहरीको यो पम्प गण्डकीमा दोस्रो हो । यसअघि नवलपरासीमा प्रहरीले पेट्रोल पम्प चलाएको छ। सूचना अधिकारी सापकोटाका अनुसार रु नौ करोड ९६ लाख ६५ हजार लागतमा पेट्रोल पम्प निर्माण गरिएको हो । पम्प निर्माण कार्य एक वर्षअघि सुरु भएको थियो । पम्प निर्माणको जिम्मा 'एनसी अल्फा हेक्स तेजस्वी जेभी'ले पाएको थियो। नागरिक समाजको विरोधका कारण केही समय पम्प निर्माण रोकिएको थियो। सरकारी कार्यालय रहेको क्षेत्रमा पम्प निर्माण गर्न नहुने भन्दै नागरिक समाजकातर्फबाट अदालतमा रिट दाएर भएको थियो। पछि अदालतले सो रिट खारेज गरेपछि निर्माण कार्य पुनःसुरु भएको थियो।

# प्रदेश संरचना खारेज हुँदैन: अर्थमन्त्री खनाल

**रासस**
काठमाडौं, ८ असोज

अर्थमन्त्री रामेश्वर खनालले प्रदेश संरचना खारेज गर्ने कुनै सम्भावना नरहेको बताउनुभएको छ।

विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरूसँग सङ्क्षिप्त कुरा गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएका अर्थमन्त्री खनालले वर्तमान सरकार संविधानअनुसार सञ्चालन भएकाले प्रदेश खारेज गर्नेसम्बन्धी कुनै सोच नरहेको स्पष्ट गर्नुभयो।

एक प्रश्नको जवाफमा मन्त्री खनालले अहिलेको अवस्थामा रु एक हजार र रु ५०० को नोट प्रतिबन्ध लगाउने विषयमा कुनै छलफल नभएको जानकारी दिनुभयो। भारत सरकारले लगाएको एकीकृत कर 'गुड्स सेल्स ट्याक्स'घटाएको सम्बन्धमा अध्ययन भइरहेको तथा उद्योग व्यवसाय एवं औद्योगिक प्रतिष्ठानमा क्षति पुग्ने अवस्था भए सुधार गरिने जानकारी दिनुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# खर्च कटौती प्रस्ताव कार्यान्वयन हुनुपर्छ

जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारले मितव्ययिता कायम गर्न अनुत्पादक खर्चमा व्यापक कटौती गरेको छ। सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहतसमेतका खर्च कटौती गर्ने सरकारले निर्णय गरेको छ। असोज ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णय कार्यान्वयनका लागि अर्थ मन्त्रालयले सम्बन्धित सबै मन्त्रालय, निकाय तथा प्रदेश र स्थानीयका सरकारहरुलाई निर्देशनसहित पत्राचार गरेको छ।

अर्थविद् डा. डिल्लीराज खनाल नेतृत्वको सार्वजनिक खर्च पुनरवलोकन आयोगले २०७५ फागुन ३ मा सरकारी खर्च कटौती गरी ३ खर्ब रुपैयाँ जोगाउन सरकारलाई सुझाव प्रतिवेदन दिएको थियो । खनाल नेतृत्वको आयोगले सुझाव दिँदा डा. युवराज खतिवडा अर्थमन्त्री थिए । तर आयोगले दिएका सुझाव खासै कार्यान्वयनमा आउन सकेनन्। डा. खनाल संयोजकत्वको आयोगले संघीय मन्त्रालयलाई २२ बाट १६ मा झार्न सुझाव दिएको थियो । यस्तै केन्द्रका विभागलाई ५७ बाट ३५ बनाउन सुझाएको थियो । हाल रहेका ३०० समिति र कोषमध्ये ९० प्रतिशत खारेज गर्नुपर्ने सुझाव डा. खनाल संयोजकत्वको आयोगको थियो । मन्त्रालय र विभागका कर्मचारी दरबन्दी ६० प्रतिशत घटाउन आयोगले सुझाव दिएको थियो, तर कार्यान्वयन हुन सकेको छैन ।

त्यस्तै, तत्कालीन सरकारका अर्थमन्त्री विष्णु पौडेलले अर्थतन्त्र सुधारका लागि भन्दै २०८१ पुस २४ गते अहिलेका अर्थमन्त्री रामेश्वर खनालकै नेतृत्वमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग बनाएका थिए । उक्त आयोगले पनि डिल्लीराज खनाल आयोगले दिएका सुझाव जस्तै अनावश्यक संरचना कटौती गर्न सुझाव दिएको थियो । तर पनि अर्थमन्त्री पौडेलले व्यापक रुपमा सरकारी संरचना घटाउने निर्णय गरे पनि कार्यान्वयन गर्न सकेका थिएनन् । तर अब अहिले सार्वजनिक खर्च पुनरवलोकन आयोग र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका सुझावलाई कार्यान्वयन गर्ने ठाउँमा आयोगका अध्यक्षले अर्थ मन्त्रालयको जिम्मेवारी पाएकाले त्यसले सार्थकता पाउने गरी सरकार अघि बढेको देखिन्छ ।

अर्थ मन्त्रालयले आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापनका लागि १५ निर्देशन दिँदै चालु आर्थिक वर्ष २०८२/८३ मा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका चालुतर्फका नयाँ कार्यक्रम सञ्चालन मोडालिटी स्पष्ट नभएको, कार्यक्रमको प्रतिफल सुनिश्चित नभएको वा अनुत्पादक क्रियाकलाप वा कार्यक्रममा विनियोजित रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम रोक्का राख्न भनेको छ ।

खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रअन्तर्गत मन्त्रालयले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने निर्णय कार्यान्वयन गर्न मन्त्रालयले निर्देशन दिएको छ। आवश्यक क्षेत्रमा खर्चको जोहो गर्न र सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न भन्दै मन्त्रिपरिषद्ले केही महत्वपूर्ण निर्णय गरेको छ। आयोजनाको पुनः प्राथमिकीकरण र अनुत्पादक खर्च कटौती सम्बन्धी यो निर्णयले सरकारको पुँजीगत तथा चालु खर्च दुवैमा व्यापक सुधारको लक्ष्य राखिएको मन्त्रालयले जनाएको छ।

सरकारको यो निर्णयबाट करिब एक खर्ब २० अर्ब रुपैयाँ बचत हुने अनुमान गरिएको छ । यसरी बचत हुने रकमलाई सरकारले राष्ट्रिय प्राथमिकताका क्षेत्र र निर्वाचनमा परिचालन गर्ने योजना बनाएको छ। सरकारको यो निर्णयले सरकारी सेवा प्रवाहलाई अझ चुस्त बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्न तर सरकारी स्रोतको दुरूपयोग रोक्न महत्वपूर्ण हुनेछ। 'जेनजी आन्दोलनमा उठेका माग कार्यान्वयन हुने सम्भावना बढाएको छ। सरकारको खर्च कटौतीको कदमहरूले वित्तीय अनुशासन कायम गर्दै दिगो विकासको मार्ग प्रशस्त गर्ने अपेक्षा गर्न सकिन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गोरखामा दुई थान बन्दुकसहित एक जना पक्राउ

**रासस**
गोरखा, ८ भाद्र

गोरखामा प्रहरीले बन्दुकसहित एक व्यक्तिलाई पक्राउ गरेको छ।

पालुङटार नगरपालिका-३, आँपपीपलस्थित मैवलका ६३ वर्षका रामबहादुर रानामगरलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो । डिएसपी सुवेदीका अनुसार रानामगरको घरबाट प्रहरीले एकनाले भरुवा बन्दुक दुई थान, त्यसमा प्रयोग हुने बारुद तथा फलामको गजसमेत बरामद गरेको छ । विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय ठाँटीपोखरीबाट खटिएको प्रहरीको टोलीले गएराति उहाँको घरमा खनतलासी गरेको थियो। पक्राउ परेका रानामगरमाथि थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

# दुई वटा आधारभूत स्वास्थ्य केन्द्र स्थापना




**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ असोज

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगर र चित्रेमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भएको छ।

अन्नपूर्ण गाउँपालिकाले वडास्तरकोस्वास्थ्यसंस्थामापुगेर सेवा लिन अपायकपर्ने टोलका बासिन्दालाई लक्षित गरेर केन्द्र स्थापना गरेको हो । पोखरेबगर गाउँपालिकाको केन्द्र हो भने चित्रे अन्नपूर्ण चक्रीय पदमार्गमा पर्छ । पोखरेबगरमा स्वास्थ्य केन्द्रको साथै आयुर्वेद सेवा केन्द्र पनि सञ्चालन गरिएको गाउँपालिकाकाअध्यक्षभारतकुमार पुनले बताउनुभयो । उहाँका अनुसार चित्रेमा स्वास्थ्य सहायक र पोखरेबगरमा अनमीलाई खटाएर आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन थालिएको छ।

चित्रेमा सामुदायिक भवनमा केन्द्र सञ्चालन भएको छ। पोखरेबगरमा गाउँपालिकाले कार्यालय सञ्चालन प्रयोजनका लागि भाडामा लिएको भवनको एउटा सटरमा स्वास्थ्य र आयुर्वेद सेवा केन्द्र सञ्चालन गरिएको छ । अन्नपूर्ण गाउँपालिका-६ को वडास्तरको स्वास्थ्य चौकी घार गाउँमा छ। आठ वटा वडा रहेको अन्नपूर्ण गाउँपालिकामा आठ वटा स्वास्थ्य चौकी, छ वटा सामुदायिक स्वास्थ्य इकाइ र दानामा आयुर्वेद स्वास्थ्य केन्द्र छ।

# सार्वजनिकस्थलमा निःशुल्क वाइफाइ विस्तार गर्न जुट्यो प्राधिकरण

**रासस**
काठमाडौं, ८ असोज

काठमाडौंसहित देशका विभिन्न दश सहरमा निःशुल्क वाइफाइ उपलब्ध गराउन नेपाल दूरसञ्चार प्राधिकरण तयारीमा जुटेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पदबहालीका अवसरमा गर्नुभएको पहिलो निर्णय कार्यान्वयनका लागि प्राधिकरण जुटेको हो।

काठमाडौंमा दुई महिनाभित्र र देशभरका दश सहरमा पाँच महिनाभित्र निःशुल्क वाइफाइ विस्तार गर्न सेवा प्रदायकहरूसँग छलफल गरिएको प्राधिकरणले जनाएको छ । प्राधिकरणका उपनिर्देशक एवं सहायक प्रवक्ता प्रदीप पौड्यालले मन्त्रीको निर्देशनलाई निर्धारित समयभित्र कार्यान्वयन गर्न आवश्यक रणनीति बनाउन थालिएको बताउनुभयो । इन्टरनेट सेवाप्रदायकमार्फत निःशुल्क वाइफाइ विस्तार गरिने भएकाले उनीहरूसँगको छलफलबाट प्राप्त प्रतिक्रिया र सुझावपछि थप काम अघि बढाइने उहाँले उल्लेख गर्नुभयो। सहायक प्रवक्ता पौड्यालका अनुसार निःशुल्क वाइफाइका लागि नयाँ स्थानको चयन, उपलब्ध भइरहेका स्थानमा गुणस्तरीयता बढाउने, डेटा सुरक्षा, डेटा कति मात्रामा कति समयसम्म निशुल्क उपलब्ध गराउनेलगायत विषय समटेर रणनीति बनाइनेछ । "लागतको हकमा अलिकति समस्या हुनसक्छ । हाम्रो बजेट पहिला नै स्वीकृत भइसकेको छ । अहिले नयाँ कार्यक्रम ल्याएर तत्काल कार्यान्वयन गर्नुपर्ने भएकाले कार्यान्वयन 'मोडालिटी' कस्तो बनाउने भन्ने विषयमा छलफलको चरणमा छौँ", उहाँले भन्नुभयो, "सेवा प्रदायकबाट कस्तो प्रतिक्रिया आउँछ, त्यो बुझेर कार्यान्वयनका लागि रणनीति बनाएर अघि बढ्छौँ ।" प्राधिकरणले वाइफाइ 'हटस्पट' सञ्चालनसम्बन्धी विनियमावली, २०७५ अनुसार उक्त रणनीति बनाएर कार्यान्वयन गर्ने जनाएको छ । प्राधिकरणलाई तोकिएको समयसीमाका कारण तत्काल काठमाडौंबाट सेवा सुरु गर्नुपर्ने हतार रहेको सहायक प्रवक्ता पौड्यालले बताउनुभयो । "सबै सेवा प्रदायक, मुख्यत हटस्पट सेवा दिइरहेकालाई प्राधिकरणले अघि बढाउन खाजेको छ", उहाँले भन्नुभयो, "बजारमा ठूलो शेयर हिंसा भएका सेवा प्रदायकहरू मोबाइल सेवा प्रदायकदेखि एनसेल, नेपाल दूरसञ्चार र आइएसपीका ठूला अपरेटरहरूसँग सहकार्य गदै छौं ।"

सञ्चारमन्त्रीको निर्देशन कार्यान्वयन गर्नका लागि वाइफाइको 'कभरेज' विस्तार गर्न समस्या नभएको उल्लेख गर्दै उहाँले हटस्पट र मोबिलिटी फरक विषय भएको स्पष्ट पार्नुभयो ।

# पवित्र बचत तथा ऋण सहकारीको ५ औं अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज



पोखरा ९ कुन्तीमलमा रहेका पवित्र बचत तथा ऋण सहकारी संस्था लि.को १४ औं साधारण सभा तथा ५ औं अधिवेशनले ४ वर्षको लागि गुप्तबहादुर रानाभाटको अध्यक्षतामा ९ सदस्यीय संचालक समिति सर्वसम्मत निर्वाचित गरेको छ।

समितिको उपाध्यक्षमा चन्द्रु रानाभाट, सचिवमा एकेन्द्र वन्जरा, कोषाध्यक्षमा महादेव रानाभाट र सदस्यहरुमा संजयकुमार रानभाट, महेन्द्र रानाभाट, गोमा रानाभाट, लेखनाथ रानाभाट, जयन्ती कार्की रानाभाट सर्वसम्मत निर्वाचित भएको निर्वाचन उपसमिति सदस्य अभिबक्ता मीना रानाभाटले वताईन। यसै गरी लेखा समितिको संयोजकमा यमबहादुर रानाभाट र सदस्यहरुमा नरेशकुमार वञ्जरा र रेवती अधिकारी भाट सर्वसम्मत निर्वाचित भएका छन् । निर्वाचन गर्नको लागि खड्ग बहादुर रानाभाटको संयोजकत्वमा अधिबक्ता मीना रानाभाट र श्री बहादुर रानाभाट सदस्य रहेको ३ सदस्यीय निर्वाचन उपसमिति गठन गरिएको थियो । सभाको रानाभाट/भाट समाज नेपालका पुर्व केन्द्रिय अध्यक्ष खड्ग बहादुर रानाभाटले उद्घाटन गर्दै देशको परिस्थिति अनुसार आर्थिक संस्थाहरु पनि पारदर्शि हुनु पर्ने वताएका थिए। त्यसै गरी सल्लाहकारहरु देवेन्द्र रानाभाट र चन्द्रबहादुर रानाभाट, पुर्व अध्यक्ष अभिवक्ता मीना रानाभाट, लक्ष्मी सनराईज बैंकका शाखा प्रबन्धक सुर्यबहादुर रानाभाट शुभकामना मन्तव्य दिएका थिए।

शेयर सदस्यको तर्फबाट पुर्व सचिव श्रीधर रानाभाटले ४८ जना बाट सुरु भएको संस्थाका शेयर सदस्य १३ सय पुगेको वताउँदै अगामि दिनहरुमा पनि अझै मितव्ययी कार्यक्रम गर्न सुझाव दिएका थिए । सो अवसरमा असल कारोबारकर्ता सम्मानबाट पोखरा १३ काहुँखोलाकी सीतादेवी रानाभाट र पोखरा २६ कन्धनीडाँडाका प्रेमबहादुर रानाभाट, जेष्ठ शेयर सदस्य सम्मानबाट ८० वर्ष उमेर माथिका वोधराज रानाभाट, बलबहादुर रानाभाट, जशोदा रानाभाट, ज्ञानबहादुर रानाभाट, केशरबहादुर रानभाट, सुकदेव रानाभाट, लोकबहादुर रानभाट, कृष्णबहादुर देवकोटा क्षेत्री, यमलाल राईभाट, भद्रकाली रानाभाटलाई नगद, दोसल्ला, अविर र सम्मानपत्रद्धारा सम्मान गरिएको थियो। संस्थाका अध्यक्ष बुद्धि बहादुर रानाभाटले संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै आगामि दिनमा संस्थाले अवलम्बन गर्नुपर्ने निति निर्माण गर्ने लगाएतका प्रस्ताव राखेका थिए । कोषाध्यक्ष एकेन्द्र वञ्जराले आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समिति संयोजक क्या. हुमबहादुर रानाभाटले बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष बुद्धिबहादुर रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष गुप्तबहादुर रानाभाट र संचालन सचिव चन्द्रु रानाभाटले गरेकी थिईन।

# भिम केसी सहित विजय सहकारीमा सबल यात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज




पोखरा महानगरपालिका वडा नं १३ स्थित विजय बचत तथा ऋण सहकारी संस्था लि.को १८ औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशन हालै सम्पन्न भयो।

अधिवेशनले सर्वसम्मत नयाँ पदाधिकारी चयन गरेको छ। नव निर्वाचित अध्यक्षमा भिम के.सी. (भीमसेन क्षेत्री) चयन भएका भए । त्यसैगरी उपाध्यक्षमा रामराज गौतम, सचिवमा तारा बराल, कोषाध्यक्षमा मधु कुमार श्रेष्ठ चयन भएका छन् । सदस्यहरुमा क्रमश ध्रुव प्रसाद सिग्देल, विष्णुकुमारी अधिकारी, महेन्द्र प्रसाद भण्डारी, उमनाथ आचार्य र सिर्जना बि.क., लेखा संयोजकमा नरेंद्र प्रसाद अधिकारी, र सदस्यमा सूर्यराज बराल तथा सरदा कुमारी आचार्य रहेका छन् । विजय बचत तथा ऋण सहकारीका तदर्थ समितिका अध्यक्ष मुक्ति नाथ पौडेल सभाको उद्घाटन गरेका थिए । संस्थालाई १७ वर्षसम्म नेतृत्व गर्दै आएका तत्कालीन अध्यक्ष इन्द्र राज बरालले आफ्नो जिम्मेवारी नव निर्वाचित अध्यक्षलाई हस्तान्तरण गरे। नव निर्वाचित अध्यक्ष भिम के.सीले आफ्नो जिम्मेवारी पूर्णतया निर्वाह गर्दै सहकारीको काम समर्पणपूर्वक अघि बढाइने बताए । अध्यक्ष केसीले "न्यूनतम बचत, अधिकतम प्रतिफल र सुशासन"को आधारमा सहकारीलाई अझ सबल बनाउने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष केसीले सदस्यहरूको हकहित तथा सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढ्ने भने। विजय बचत तथा ऋण सहकारी संस्था लिका सल्लाहकार एवं मिलेर गरौ अभियानका परिकल्पनाकार युवराज त्रिपाठीले निर्वाचित सदस्यहरुलाई शुभकामना दिएका थिए। सोही कार्यक्रममा उत्कृष्ट सदस्य र कर्मचारीहरूलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा क्रमश दैनिक बचत कारोबारी सुस्मा क्षेत्री, असल व्यवसायी कारोबारी सलिना सुनार, मासिक बचत कारोबारी बिमला कुमारी रानाभाट, कृषि कारोबारी अम्बिका देवी अधिकारी, जेष्ठ नागरिक सदस्य गिरिराज बराल, उत्कृष्ट कर्मचारी ईशान बराल, एसईई उत्कृष्ट छात्र शुसिल सुबेदी र दश जोड दुईमा उत्कृष्ट हुने छात्र समिर कुईकेंल सम्मानित भएका छन्।

# अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य बिमा

**पोखरापत्र संवाददाता**
दमौली, ८ असोज

यहाँको घिरिङ गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य बिमा गरिदिने भएको छ। गाउँपालिकाले 'ग' र 'घ' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त ७८ जनाको निःशुल्क स्वास्थ्य बिमा गर्ने भएको हो।

स्थानीय अपाङ्गता समन्वय समितिको गत भदौ १९ को बैठकको निर्णयअनुसार चालु आर्थिक वर्षको अपाङ्गता लक्षित कार्यक्रमअन्तर्गत उनीहरूको बिमा गर्न लागिएको गाउँपालिकाका उपाध्यक्ष राधादेवी अधिकारीले जानकारी दिनुभयो । अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्यको पहुँचमा ल्याउने उद्देश्यसहित स्वास्थ्य बिमा कार्यक्रम अगाडी बढाउन लागिएको अधिकारीको भनाइ छ। गाउँपालिकाले पालिकाभित्रका स्वास्थ्य बिमा अभिकर्तालाई सूचना जारी गरी सम्बन्धित वडामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य बिमा प्रक्रिया अगाडी बढाउन अनुरोध गरिसकेको गाउँपालिकाका अधिकृत ध्रुवराज लामिछानेले जानकारी दिनुभयो । स्वास्थ्य बिमा कार्यालय तनहुँमा पालिकाबाट रकम भुक्तानी गर्ने क्रममा सम्बन्धित अपाङ्गता परिचयपत्र, नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र असोज मसान्तभित्र उपलब्ध गराउन सूचित गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार 'घ' वर्गका अपाङ्गता भएका १७, 'ग' वर्गका अपाङ्गता भएका ५७ र वर्ग पहिचान नभएका चार जनाको स्वास्थ्य बिमा गरिनेछ। जसअनुसार घिरिङ गाउँपालिका-१ का १७ जना, घिरिङ गाउँपालिका-२ का १४ जना, घिरिङ गाउँपालिका-३ का २० जना, घिरिङ गाउँपालिका-४ का १५, घिरिङ गाउँपालिका-५ का १२ जना रहेका छन्।

# दसैं सुरु भएसँगै बेसी झर्न थाले भेडीगोठ

**पोखरापत्र संवाददाता**
ढोरपाटन, ८ असोज



दसैं नजिकिएसँगै लेकबाट भेडीगोठ बेसी झर्न थालेका छन् । वर्षायाममा करिब चार महिना लेकमा बस्ने गोठला आफ्ना वस्तुभाउ लिएर बेसी झर्न थालेका हुन् ।

जेठ दोस्रो सातादेखि लेक उक्लिने गोठालाहरु दसैंको पहिलो दिन घटनस्थापना सुरु भएसँगै बेसी झर्न थालेका हुन् । महिनौं लेकमा बसेका गोठलाहरु परिवारसँग भेट्ने आशा बोकेर बेसी झरि रहेका छन् । बागलुङको निसीखोला, ढोरपाटन, तमानखोलालगायत क्षेत्रबाट स्थानीय वर्खाको समयमा वस्तुभाउ लिएर लेक उक्लिने गर्छन् । गोठालाहरु ढोरपाटन सिकार आरक्ष क्षेत्रमा पर्ने टीकाधारा, फागुने, गर्पाछेडा, स्याचुङ्सहित निसीखोलाको रिग, खोलाखानी, तिलाचन र तमानखोलाको सोलेडाँडालगायत क्षेत्रमा पुग्ने गर्छन् । ती क्षेत्रहरु समुन्द्री सतहदेखि तीन हजारदेखि चार हजार पाँच सय मिटरको उचाइसम्म पर्छन् । लेकबाट भेडीगोठ बेसी झर्न थालेपछि बेसी क्षेत्रमा गोठालाको चहलपहल बढेको छ । पश्चिम बागलुङका धेरै किसान पशुपालनमा आबद्ध रहेका छन् । चार महिनापछि बेसी झरेका गोठालालाई ठूलो पर्व नै आएको छ । महिनौं परिवारसँग टाढिएका उनीहरु अब आगामी जेठ महिनासम्मसँगै हुने छन् । एकै परिवारले दुई सयदेखि एक हजार बढीसम्म भेडा पाल्दै आएका छन् । गोठालाहरु हप्तौंको यात्रा गरेर बुकी चढ्ने र बेसी झर्ने गर्छन् । बेसीमा भन्दा बुकी क्षेत्रमा भेडाबाख्राका लागि चरन क्षेत्र र पोषिलो घाँस पर्याप्त पाइने हुँदा जेठदेखि नै लेक चढ्न थाल्छन् ।

यतिबेला ढोरपाटन उपत्यका, पातीहाल्ने, सोलेडाँडा, भर्कोबाङ्लगायत क्षेत्रमा भेडाको ठूलो बथान भेटिन्छन् । यो समय भेडाबाख्रा बेच्ने सिजन भएको हुँदा गोठालाहरु बेसी झरेर बजार तिर लाग्ने गर्छन् । बेसी झरेका गोठालेहरु अब केही दिनमै मुख्यमुख्य सहरसम्म हप्तौं दिन हिँडेर भेडाबाख्रा बेच्न जाने गर्छन् । दसैंका लागि भेडा च्याङ्ग्रा बेचेर खर्च जोहो गर्छन् । निसीखोला गाउँपालिका-६ का कुमानसिंह विश्वकर्माले तीन महिना २३ दिनमा लेकबाट फर्किएको बताउनुभयो । आफ्ना दुई सय बढी भेडा रहेको सुनाउँदै छिटो झर्दा घाँस पुर्‍याउन समस्या हुने गरेको उहाँको भनाइ छ । चार महिनालाई पुग्ने खर्च पहिले नै लिएर लेक उक्लिएको विश्वकर्माले सुनाउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रा बाउबाजेले यहीँ पेशा गरे, हामीहरुले यसलाई निरन्तरता दिँदै आयौं, तर हाम्रो छोरानातीले भेडा गोठाला बन्न चाहेनन्, उनीहरुले पढ्ने लेख्ने भए, विदेश जाने भए, जेठ असारमा लेक उक्लिने र असोजमा बेसी झर्ने त हाम्रो लागि संस्कृति नै भयो, यो साल मात्रै होइन हामीहरु हरेक वर्ष वर्खामा लेक उक्लिने र हिउँद सुरु भयो भने बेसी झर्ने गर्छौं, घर परिवारसँग महिनौं दिन टाढा भएर बस्न त मन हुँदैन तर के गर्ने गोठालाको बाध्यता यस्तै छ ।"

बर्खाभरि पोषिलो घाँस खाएर सप्रिएका खसी, बोका र भेडाको मूल्यसमेत राम्रो पर्ने हुँदा एउटै भेडापालक किसानले वार्षिक लाखौं आम्दानी गर्ने गरेका छन् । बेसी झरिसकेका गोठालालाई बजारमा कुन-कुन खसी, बोका र भेडा लै जाने भनेर छनोट गर्न थालेका छन् । गोठालाहरु भेडा बेच्नका लागि केही बुर्तिवाङ, खर्बाङ, गुल्मीको रिडी, पाल्पा हुँदै बुटवलसम्म पुग्छ भने कोही गलकोट, बागलुङ, पर्वत हुँदै पोखरासम्म पुग्ने तयारीमा छन् । ढोरपाटन नगरपालिका-९ का तुलबहादुर पुनले लेकमा विस्तारै चिसो बढ्न थालेपछि बेसी झरेको बताउनुभयो ।

आफू असार ३ गते बुकीपाटन उक्लिएको सुनाउँदै चाडबाड मान्नका लागि हरेक वर्ष घटस्थापनाका दिन बेसी झर्ने गरेको उहाँको भनाइ छ । "म यसरी लेकबेसी गरेर वस्तुभाउ पाल्न थालेको ४०/४२ वर्ष भयो, यो अवधिमा कात्तिकसम्म लेकमा बसेको छैन, लेकमा बस्दा धेरै समस्या हुन्छ, अब त विस्तारै जाडो बढ्न थाल्यो, भेडाबाख्रा मर्छन्, दसैं अल्ली पछाडि हुँदा असोज २०/२२ तिर झर्थ्यौं अहिले त अलि छिटै पर्‍यो", उहाँले भन्नुभयो, "असारमा गएपछि म तीज बेला एकपटक घरमा झरेको थिएँ, पटक-पटक आउजाउ गर्ने गाह्रो हुन्छ, नजिक छैन लेक त्यहीं भएर खर्च पर्च एकै पटक लिएर जाने र दसैं मनाउन आउने गर्छौं ।" लेकबाट वस्तुभाउ बेसी झरेपछि तल्लो क्षेत्रमा चहलपहल बढेको छ । जसले दसैंको माहोल बढाएको छ । निसीखोला-६ का कुलबहादुर घर्तीले डेढ सय भेडा बेसी झारी सकेको सुनाउँदै ५५ वटा गाई अझै लेकमा रहेको बताउनुभयो । गाई लिनका लागि एक जना आफन्तलाई लेक पठाएको उहाँको भनाइ छ । गाई १३ गतेसम्म बेसी झारी सक्ने घर्तीले सुनाउनुभयो ।

# पामे बचत तथा ऋण सहकारीको १५ औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज




पामे बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिक साधारण सभाको अवसरमा विभिन्न व्यक्तिहरु सम्मानीत भएका छन् । सहकारी साधारण सभाको अवसरमा सहकारीका सदस्य परिवारबाट एसईईमा उत्कृष्ट अंक ल्याउने ४ जना विद्यार्थी, पिएचडी गर्ने २ जना, समाजमा विभिन्न क्षेत्रमा योगदान दिएका व्यक्तिहरुलाई सम्मान गरेको हो ।

उनीहरुलाई सहकारीको जेष्ठ सदस्य बाटुली पाध्यनी, सहकारीका अध्यक्ष नवराज पराजुली, पुर्व अध्यक्ष महेश्वर दवाडी, अग्निधर त्रिपाठी लगाएतले सम्मानपत्र, दोसल्ला र नगद सहित सम्मान गरेको हो । त्यसै गरी सबै भन्दा बढि उमेर पुगेका बृद्धबृद्धा, उत्कृष्ट कर्मचारी, उत्कृष्ट ऋणी, उत्कृष्ट बचत कर्तालाई पनि सम्मान गरेका थिए । कार्यक्रममा सहकारीका निर्वतमान अध्यक्ष अग्निधर त्रिपाठीले सहकारीलाई अझ बलियो बनाउ सबैको सहयोग आवश्यक पर्ने बताए । पुर्व अध्यक्ष महेश्वर दवाडीले सहकारीलाई राम्रो बनाउन समिति मात्रै तत्पर भएर नहुने भन्दै सबै सदस्यहरु लाग्नु पर्ने बताए । उनले सहकारीलाई सक्षम बनाउन सन्चित कोषहरु पनि बलियो बताउनु पर्ने बताए ।

कार्यक्रममा सल्लाहाकार, ओम सुवेदी, डिल्लिराम भट्टराई, ऋण तथा धितो मुल्याङ्कन समिति संयोजक खिमनाथ शर्मा तिमिल्सिना, शिक्षा उपसमिति संयोजक घनश्याम अधिकारी, महिला उपसमिति संयोजक दुर्गा तिमिल्सिना, संस्थापक सदस्य मिनराज खड्का, शेयर सदस्य घनश्याम पराजुली लगाएतले सहकारीले गाउँ गाउँमा वित्तिय साक्षरता जगाउन सहयोगी बनेको बताए । त्यसै गरी पामे बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नवराज पराजुलीले सहकारीले विभिन्न ग्राहक योजनाहरु ल्याएर घर घर सम्म पुग्ने काम गरेको बताए । उनले बाल खुत्रुके बचत योजना, दैनिक बचत खाता, पामे सुपर सेभिङ्ग, नारी बचत खाता, विद्यार्थी बचत खाता लगाएतका खाता सञ्चालन गरेको बताए । उनले संस्थाले अहिले सम्म गर्दै आएका सबल पक्ष र सुधारात्मक पक्षलाई विश्लेषण गरे अगाडी बढ्ने बताए ।

साधारणसभाले कोषाध्यक्ष लेखनाथ पराजुलीको कोषाध्यक्षको प्रतिवेदन, सचिव शालिकराम लामिछानेको सचिबको प्रतिवेदन पास गरेको छ । सहकारीमा १ हजार १० जना शेयर सदस्य, अधिकृत पुँजी १५ करोड, चुक्ता पुँजी १० करोड १० लाख रहको छ । आर्थिक वर्ष २०८१/८२ मा १८ करोड ३० लाख निक्षेप संकलन गरी २७ करोड ५६ लाख कर्जा प्रवाह गरेको छ ।

# कोरला जोड्ने घमी खोला पुल अलपत्र

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ असोज



उत्तर/दक्षिण व्यापारिक मार्ग विस्तारित आयोजनाअन्तर्गत कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनामार्फत ठेक्का सम्झौता भएको मुस्ताङको लोघेकर दामोदरकुण्ड-२ घमी खोलामा निर्माणाधीन पक्की पुल अलपत्र परेको छ ।

यहाँको घमी खोलामा निर्माणाधीन पुल ठेक्का सम्झौता भएको सात वर्ष बितिसक्दासमेत सम्पन्न हुन सकेको छैन ।

विसं २०७५ पुस १६ गते रु छ करोड ८० लाख लागतमा निर्माण कम्पनी हिमदुङ ठेक्कर एण्ड इमोटल जेभीले आयोजनासँग ठेक्का सम्झौता गरेको थियो । तीन वर्ष सुरुआती ठेक्का सम्झौता भएको यहाँको घमी खोला पुल २०७८ साल पुस ९ गते सम्पन्न भइसक्नुपर्ने थियो । तर, निर्माण कम्पनीको चरम ढिलासुस्तीका कारण यहाँको पुल सम्पन्न हुन नसकी पटकपटक म्याद थप हुँदै आइरहेको छ । एक स्पान मात्रै रहेको यहाँको घमी खोला पुलको लम्बाइ ४० मिटर र फुटपाथ र नालीसहित ११ मिटर चौडा हुनेगरी ठेक्का सम्झौता भएको आयोजनाले जनाएको छ ।

यहाँको पुल निर्माणलाई पूर्णता दिन आयोजनाले निर्माण कम्पनीलाई यसअघि पटकपटक ताकेता गरेको भए पनि निर्माण कम्पनीले पुल निर्माणमा अग्रसरता नदिँदा यहाँको पुल अलपत्र पर्दै आइरहेको थियो । यहाँ २०७९ साल निर्माण कम्पनीले ठेक्का मोबिलाइजेसनवापत लिएको रु ७० लाख ५० हजार आयोजनालाई फिर्ता लिएको थियो । यहाँ प्रतिकूल मौसम र हिमपातका कारण काम हुन नसकेको जनाउँदै निर्माण कम्पनीले पुलको सम्पन्न अवधि थप गर्दै आइरहेको थियो ।

पछिल्लो समय गत वै शाखमा निर्माण कम्पनीले पुल निर्माणका लागि केही काम अघि बढाएको भए पनि त्यसयताको समयमा कुनै काम अघि बढ्न नसकेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो । उहाँले बहुचर्चित उत्तरी कोरलानाका पूर्ण रूपमा सञ्चालनमा आइसकेको अवस्था रहँदासमेत हालसम्म पुल सम्पन्न हुन नसक्नु दुर्भाग्य भएको बताउनुभयो । निर्माण कम्पनीले चासो दिएर काम अघि बढाएमा दुई महिनाभित्रै पुल सम्पन्न हुने अध्यक्ष विष्टको भनाइ छ ।

कोरलानाकाजोड्नेमुस्ताङको घमी खोला पुलको पछिल्लो भौतिक प्रगति ७५ प्रतिशत पुगेको आयोजनाका सूचना अधिकारी बाबुसाहेबकुमार बैठाले जानकारी दिनुभयो । पुलको दायाँबायाँ फाउन्डेसन ढलानसहित पुल ढलानका लागि सटरिङको काम सकिएको आयोजनाका सूचना अधिकारी बैठाले उल्लेख गर्नुभयो । यहाँको घमी खोला पुलको पछिल्लो थप भएको म्यादसमेत सकिएर निर्माण कम्पनीलाई ठेक्का सम्झौता लागतको दैनिक (०.०५) प्रतिशत हुनेगरी २०० दिनको म्याद दिइएको सूचना अधिकारी बैठाको भनाइ छ ।

जरिवाना रकम तोकिएको म्यादभित्र पनि निर्माण कम्पनीले पुलको काम अघि नबढाएमा ठेक्का धरौटी तानेर ठेक्का सम्झौता तोड्ने प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो ।

यहाँको जोमसोम-कोरला सडकमार्गमा पर्ने अधिकाश शाखा नदीमा पक्की पुल निर्माण भइसकेको भए पनि घमी खोला पुल निर्माण पूरा नहुँदा यसपटक उपल्लो मुस्ताङको कोरला नाका पुगेर मालवस्तु ढुवानी गर्ने कन्टेनर र विद्युतीय सवारीलाई आवतजावतमा समस्या उत्पन्न भएको छ ।

# तीन महिनादेखि खर्वाङ-सिसाखानी सडक अवरुद्ध, श्रमदानमा जुटे स्थानीय

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ असोज



बागलुङको बडिगाड गाउँपालिका-३ सिसाखानी जाने खर्वाङ-सिसाखानी सडक असारयता ठप्प छ ।

जोर्तीखोलाको ज्याकिन जाली बाढीले बगाएपछि सडक अवरुद्ध भएको थियो । त्यसयता दर्जन बढी स्थानमा सानाठूला पहिरो खसेर सडक अवरुद्ध भएपछि सडक खुलाउन स्थानीय सक्रिय भएर श्रमदानमा जुटेका छन् । दसैं सुरु भईसक्दासमेत सवारी चल्न नसकेपछि स्थानीय श्रमदानमार्फत सडक मर्मत गरेर सञ्चालनमा ल्याउन हप्तादिनदेखि कस्सिएका छन् । मध्यपहाडी लोकमार्गको खर्वाङदेखि सिसाखानी जाने झण्डै १२ किमी सडकको पहिरोग्रस्त क्षेत्र र जोर्तीखोलामा ग्याबिन भर्ने काममा एक हप्तादेखि स्थानीय श्रमदानमा खटिएका छन् । सिसाखानी जाने सडकमध्ये खर्वाङ-सिसाखानी, खर्वाङ ताकमसेरा र रिगा-किटेनी-सिसाखानी सडक बन्द भएपछि स्थानीयहरूले दसैंको टीकाअघिसम्म सडक मर्मत गेरर सञ्चालनमा ल्याउने तयारी थालिएको छ । सडक खुलाउन गाउँपालिकाले पहल नगरेपछि दसैंमा घर आउने र खाद्यन्न सामग्री ल्याउन सकस भएको भन्दै चार दिनदेखि सडक मर्मतमा खटिएको सिसाखानीका स्थानीय सरिता रोकाभुजेलले जानकारी दिनुभयो । उहाँले अहिले सिसाखानीको साविक ४, ५, ६ वडाका बासिन्दा श्रमदानमा जुटेर मुख्य सडकका रूपमा रहेको खर्वाङ-सिसाखानी सडक सञ्चालनमा ल्याउन काममा खटिरहेका छन् । अहिले मुख्यगरी जोर्तीखोला बढेका कारण सडक समस्या भएकाले जोर्तीखोलामा ग्याबिन जाली भरेर सडक खुलाउने काम भइरहेको भुजेलले जानकारी दिनुभयो । "गत वर्ष पालिकाको खर्चमा ग्याबिन भरिएको थियो, गत वर्ष नै बाढीले बगाएपछि सडक सञ्चालन गर्न सकिएन, यो वर्ष वडाले ग्याबिन जाली खरिद गरेको र स्थानीय १५० भन्दाबढीको सहभागितामा जाली भरिएको छ, ट्र्याक्टरले निःशुल्क सामग्री ढुवानी गरेको छ", भुजेलले भन्नुभयो, "कम्तीमा दसैँमा छोराछोरी घरमै आउन गाडी चढेर भने छ, हेरौं, दुई/चार दिनमा त सडक खुला, वडा कार्यालयको बजेटले सिङ्गो वडाको सडक मर्मत गर्न निकै चुनौती रहेछ ।" वडा कार्यालयले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु पाँच लाख सडक मर्मत खर्चले ग्याबिन, आवश्यक स्थानमा सिमेन्ट मात्रै खरिद गरेको र सम्पूर्ण वडावासीलाई श्रमदानमा जुट्न आग्रह गरेको बडिगाड गाउँपालिका-३ सिसाखानीको वडाध्यक्ष खड्क पुनले जानकारी दिनुभयो । उहाँले दसैंअघिसम्म सडक सञ्चालन गर्नेगरी विभिन्न स्थानमा सडक श्रमदानबाट मर्मत भइरहेको र जोर्तीखोलामा ग्याबिनमाथिबाट सवारीसाधन सञ्चालन गर्ने तयारी भएको बताउनुभयो ।

उहाँले जोर्तीखोलामा मोटरेबल पुल नहुँदा बर्खामा सधैं सास्ती भइरहेको बताउनुभयो । बडिगाड गाउँपालिका-५ मा पनि स्थानीयले श्रमदानमार्फत सडक मर्मत गरेका छन् । चाडबाडको मुखमा स्थानीय जोखिमपूर्ण यात्रा गर्न बाध्य भएपछि स्थानीयहरू जुटेर पाँच किमी सडक श्रमदानबाट मर्मत गरिएको स्थानीय लोकनाथ घिमिरेले जानकारी दिनुभयो । गाउँपालिकाले बजेट अभावमा डोजर पठाउन नसकेपछि दसैंको मुखमा हिलाम्मे सडकमा खाल्टाखुल्टी पुरिएको, पहिरो पन्छाइएको र सोलिङसमेत गरिएको घिमिरेले बताउनुभयो ।

# कारागारबाट भागेकामध्ये एकैदिन ६२८ कैदीबन्दी फर्किए

**रासस**
काठमाडौं, ८ असोज

गत भदौ २४ गतेको 'जेनजी' प्रदर्शनका क्रममा भागेका कैदीबन्दीमध्ये बुधबार एकैदिन ६२८ जना कारागार फर्किएका छन् ।

कारागार व्यवस्थापन विभागले बुधबारसम्म सात हजार ७३५ कैदीबन्दी कारागारमा फर्किएका जानकारी दिएको छ । यसअघि हिजोसम्म सात हजार १०७ जना कैदीबन्दी कारागार फर्किएका विभागले जनाएको छ ।

विभागका निर्देशक चोमेन्द्र न्यौपानेले आज एकैदिन सबै भन्दा धेरै ६२८ जना कैदीबन्दी कारागार फर्किएका जानकारी दिनुभयो । उहाँले अधिकांश बैदीबन्दी आफैं आइरहेका भन्दै कतिपयलाई पक्राउ गरेर ल्याइएको बताउनुभयो ।

गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा १४ हजार ५५६ जना कैदीबन्दी भागेका थिए । देशभर ३० हजार ६४० कैदीबन्दी थिए । जेनजी प्रदर्शनका क्रममा यही भदौ २४ गते कारागार तोडफोड तथा आगजनी हुँदा कैदीबन्दी मुलुकभरका कारागारबाट बन्दी भागेका थिए ।

नेपालका २८ वटा कारागार र नौ वटा सुधारगृहबाट उनीहरू भागेका थिए ।

# कक्षा १२ को मौका परीक्षा सम्पन्न

**रासस**
काठमाडौं, ८ असोज

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को पूरक अर्थात् मौका परीक्षा बुधबार सम्पन्न गरेको छ ।

गत भदौ २८ र २९ गते सञ्चालन गर्नेगरी तालिका सार्वजनिक गरे पनि 'जेनजी' आन्दोलनबाट आएको नयाँ परिस्थितिका कारण सरेको परीक्षा असोज ७ र ८ गते सञ्चालन गर्नेगरी बोर्डले नयाँ तालिका सार्वजनिक गरेको थियो ।

बोर्डले मङ्गलबार ७ गते अनिवार्य अङ्ग्रेजी (००४१), एक विषयको मात्रै परीक्षा दिने परीक्षार्थीका लागि सबै विषय र दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको सानो कोड नम्बर भएको विषय अर्थात् अनिवार्य अङ्ग्रेजी र अनिवार्य नेपाली दुवै विषयका (पूरक) परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अङ्ग्रेजी (००४१) को परीक्षा दिएका थिए ।

आज दुई विषयमा परीक्षा दिने परीक्षार्थीमध्ये आफूले परीक्षा दिने विषयमध्येको ठूलो कोड नम्बर भएको विषयको परीक्षा सञ्चालन गरेको बोर्डको परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको छ । बोर्डका अनुसार परीक्षा देशभरका सबै परीक्षा केन्द्रमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको जनाएको छ ।